# लक्ष्मीनियाँ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल


पत्र संख्या :- २०८२।२०८३

चलानी नं. :- १६१४

मितिः२०८३।०१।०४

**विषयः परिपत्र ।**

श्री गाउँ कार्यपालिकाको कार्यालय
श्री वडा कार्यालयहरु सबै,
लक्ष्मीनियाँ गाउँपालिका, धनुषा ।

प्रस्तुत विषयमा स्थानीय तह सेवा सञ्चालन सम्बन्धी प्रचलित कानुन अनुसार सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, निष्पक्ष र प्रभावकारी तथा नागरिकमैत्री बनाउनुपर्ने दायित्व रहेकोले यस गाउँपालिका तथा अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरुमा देहायका निर्देशनहरु कडाईका साथ पालना गर्न निर्देशन गरिएको छ ।

देहायः

१. सबै कर्मचारीहरू नेपाल सरकारले निर्धारित कार्यालय समयमा अनिवार्य रूपमा उपस्थित हुनुपर्ने। ढिलो हुने वा अनुपस्थित हुने अवस्था भएमा सेवा प्रवाहमा समस्या नआउने गरि प्रथम चरणमा कार्यालय प्रमुख वा प्रशासन शाखालाई लाई जानकारी गराउने तथा बिदा स्वीकृति अनिवार्य गराउनु पर्नेछ । वडा कार्यालयमा कार्यरत कर्मचारीको हकमा प्रथम चरणमा वडा हध्यक्ष वा वडा सचिवलाई जानकारी गराउने तथा वडा सचिवबाट अनिवार्य बिदा स्वीकृत गराई मात्र बिदा बस्नु पर्ने व्यवस्था मिलाउने ।

२. कार्यालय समयमा कार्यालय कामकाजले कार्यालय बाहिर जानुपर्ने अवस्थामा लगबुकको व्यवस्था गरी विवरण प्रविष्ट गरेर मात्र जाने ।

३. तोके बमोजिमको पोशाकमा अनुशासित व्यवहार र पेशागत मर्यादा कायम राखी सेवा प्रवाहको व्यवस्था मिलाउने ।

४. अनावश्यक अनुपस्थिति, काममा ढिलासुस्ती तथा गैरजिम्मेवार व्यवहारलाई दुरुत्साहित गरी सेवाग्राहीलाई सम्मानजनक, छिटो र प्रभावकारी सेवा प्रदान गर्नुपर्नेछ ।

५. सेवाग्राहीहरुलाई सेवासंग सम्बन्धित आवश्यक कागजातहरु एकमुष्ट रुपमा चेकलिस्ट बनाई माग गर्ने, अनावश्यक झन्झट नदिने र काम नहुने भए कारण सहित फाइल फिर्ता गर्ने, कार्यालयमा फायल Pending नराख्ने ।

६. कार्यालयले सेवा दिंदा तोकेबमोजिमको मात्र दस्तुर लिई अनिवार्य रुपमा रसिद जारी गर्ने र संकलित राजश्व आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम दाखिला गर्ने व्यवस्था मिलाउनु हुन ।

०१।०४

राजगिर महतो
प्रमुख प्रशासकीय अधिकृत

राजगिर महतो
प्रमुख प्रशासकीय अधिकृत


टेलिफोन नं. : आर्थिक प्रशासन शाखा मो. ९८५४०२८८३८, जिन्सी शाखा मो. ९८५४०८०११७
सूचना अधिकारी मो. ९८५४०२८८३९, एम्बुलेन्स मो. ९८५४०८०११४
वेव साइट : https//www.laxminiyamun.gov.np. इमेल : laxminiyamun@gmail.com